प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं.१, विराटनगर

## अन्तराष्ट्रिय युवा दिवस मनाउने सम्बन्धमा सामाजिक विकास मन्त्रालयको प्रेस विज्ञप्ती

सफा, स्वच्छ र स्वस्थ्य प्रदेश निर्माण गर्ने उद्देश्य अनुरूप श्रावण २७ (तदानुसार अगष्ट १२, २०१९) गतेको अन्तराष्ट्रिय युवा दिवसलाई प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१ ले प्रथम पटक यही २०७६ श्रावण २७ गते देखी सप्ताहव्यापी कार्यक्रमका साथ विभिन्न रचनात्मक कार्यक्रमहरूको आयोजना गरी मनाउने सन्दर्भमा मा.सामाजिक विकास मन्त्री जीवन घिमिरेज्यू को अध्यक्षतामा आज मिति २०७६ साल श्रावण २४ गते विहान बसेको बैठकले सम्पूर्ण स्थानीय तह, युवा अभियान कर्मीहरू, युवा सामाजिक संघ/संस्थाहरूलाई आह्वान गर्ने निर्णय गरियो ।

यस क्रममा सामाजिक विकास मन्त्रालयको आयोजनामा निम्न संघ/संस्थाका युवा नेतृत्वका साथ विराटनगरमा निम्न मिति, समय र स्थानमा निम्न बमोजिमका कार्यक्रम गर्ने समेत निर्णय गरियो ।

| क्र.सं. | मिति | समय | स्थान | कार्यक्रम | कार्यक्रम संयोजनकर्ता |
|---|---|---|---|---|---|
| १ | २०७६/०४/२७ | विहान ८:००बजे देखी ११:००बजे सम्म | सामाजिक विकास मन्त्रालय,प्रदेश नं.१ परिसरमा | रक्तदान कार्यक्रम | राजनैतिक दलका युवा नेतृत्व संघ/संगठन (आयोजक समिति सदस्य) |
| २ | २०७६/०४/२९ | दिउसो ३:००बजे देखी | सामाजिक विकास मन्त्रालय,प्रदेश नं.१ परिसरमा बाट सुरू | सार्वजनिक लगायतका क्षेत्रमा सुर्तीजन्य पदार्थ बेचबिखन तथा प्रयोगमा नियमन गर्ने उद्देश्य अनुरूप सन्देशमूलक कार्यक्रम | युवा चिकित्सक(आयोजक समिति सदस्य) |
| ३ | २०७६/०४/३१ | दिउसो ३:३०बजे देखी | कृष्ण पार्टी प्यालेस, विराटनगर | सफा, स्वच्छ र स्वस्थ्य प्रदेश निर्माणमा युवाहरूको भूमिका विषयक विचार गोष्ठी | सामाजिक विकास मन्त्रालय, प्रदेश नं.१ (कार्यक्रम आयोजक) |
| ४ | २०७६/०४/३२ | विहान ७:००बजे देखी ९:००वजे सम्म | तीनटोलिया, विराटनगर | वृक्षारोपण कार्यक्रम | राजनैतिक दलका युवा नेतृत्व संघ/संगठन (आयोजक समिति सदस्य) |
| ५ | २०७६/०५/०१ | विहान ७:००बजे देखी ९:००वजे सम्म | देवकोटा चौक, विराटनगरबाट | नगर सरसफाई कार्यक्रम | सरसफाईका क्षेत्रमा कार्य गर्ने संघ/संस्था |

मिति २०७६।०४।२४ गते शुक्रवार

दिव्यराज कट्टेल
प्रवक्ता